प्राबिधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# प्रदेश कार्यालय

प्रदेश नं. ५, बुटवल, रुपन्देही

## शैक्षिक सत्र २०७६/०७७ मा डिप्लोमा / प्रमाण पत्र तहको वर्गिकृत(निःशुल्क) छात्रवृत्तिको वैकल्पिक परीक्षार्थीहरु अध्ययन गर्न सिफारिस भएका शिक्षण संस्थामा भर्ना हुन जाने सम्बन्धी अत्यन्त जरुरी सूचना

**(दोस्रो पटक प्रकाशित मितिः२०७६।०५।३१ गते)**

प्राबिधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय सानोठिमी , भक्तपुरद्धारा मिति २०७६।०५।१८ गते विहान ७.०० बजेदेखि संचालन भएको डिप्लोमा/प्रमाण पत्र तहको छात्रवृत्ति(निःशुल्क) तर्फको प्रवेश परीक्षामा सामेल भई उत्तीर्ण भएका मुख्य परीक्षार्थीहरु तोकिएको समयमा भर्ना नभई रिक्त हुन गएका कोटाहरुमा डिप्लोमा तथा प्रमाण पत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका २०७४(दोस्रो संशोधन) मा उल्लेख भए बमोजिम परीक्षा नियन्त्रण कार्यालयको मिति २०७६।०५।२१ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचनानुसार प्राप्त हुन आएका विवरण बमोजिम रिक्त रहेका कोटाहरुमा मिति २०७६।०५।२९ गतेको निर्णयानुसार बैकल्पिक सूचि तथा उत्तीर्ण मध्येबाट योग्यता क्रमानुसार यस प्रदेश अन्तर्गतका उल्लेखित संस्थाहरुमा आवश्यक कागजातहरु(शैक्षिक प्रमाण पत्रहरु , प्रवेश परीक्षाको प्रवेश पत्र र आफ्नो वर्ग खुल्ने प्रमाण पत्रको सक्कल प्रति) सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०७६।०६।०६ गते) भित्र भर्ना हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।साथै नतिजाको विवरण परिषद्को वेवसाईट www.ctevt.org.np मा प्रकाशित गरिएको छ ।

उल्लेखित म्याद भित्र परीक्षार्थी भर्ना हुन नआई कोटा रिक्त रहन आएमा सम्बन्धित शिक्षण संस्थाहरुले रिक्त रहेको कार्यक्रम, परीक्षार्थीको नाम, थर र लक्षित वर्ग समेत उल्लेख गरी यस कार्यलयलाई अनिवार्य रुपमा भर्ना म्याद सकिएको ३ दिन भित्र (www.ctevtprovince5@gmai.com) मा पत्र पठाउन हुन समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

निर्देशक